संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - २

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल वैशाख २५ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले शून्य समयको कार्यक्रम अगाडि बढाउनु हुँदा माननीय श्री प्रेम सुवाल र माननीय डा० अमरेश कुमार सिंहले आकस्मिक समयको माग गर्नुहुँदै आ-आफ्नो आशन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले आज आकस्मिक र विशेष समय उपलब्ध नहुने तर शून्य समयमा बोल्नको लागि व्यवस्था गरिएकोले सोही बमोजिम बैठकका कारवाही अगाडी बढाउन सहयोग गर्नुहुन आग्रह गर्नुभयो । उहाँहरु समय माग गरी आशन अगाडी उभिई रहनु भएकोले सम्माननीय सभामुखले माननीय सदस्यहरुलाई आफ्नो आशन ग्रहण गरी सहयोग गर्न पटक पटक आग्रह गर्नुहुँदा पनि माननीय श्री प्रेम सुवालले आकस्मिक समय पाउनु पर्ने भन्नुभयो र माननीय डा० अमरेश कुमार सिंहले आकस्मिक समयमा बोल्न नपाएको भन्नुहुँदै आफुले लगाएको कमिज र गन्जी खोलेपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २० र २१ प्रति माननीय सदस्यको ध्यानाकर्षण गराउनु हुँदै बैठकमा मर्यादा कायम राख्न आग्रह गर्नुभयो । माननीय डा० अमरेश कुमार सिंहले कमिज र गन्जी खोलेपछि नेपाली काँग्रेस, ने.क.पा.(एमाले), ने.क.पा. (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भई माननीय सदस्यले संसदको मर्यादा विपरित कार्य गर्नुभएकोले सम्माननीय सभामुखबाट रुलिङ्ग होस् भनी होहल्ला गर्नुभएपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ३० बमोजिम माननीय डा० अमरेश कुमार सिंहलाई आफ्नो व्यवहार नियन्त्रण गर्न चेतावनी दिनुभएपछि माननीय सदस्यले आफ्नो कमिज लगाएर आशन ग्रहण गर्नुका साथै अन्य माननीय सदस्यहरुले समेत आशन ग्रहण गर्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अन्जनी श्रेष्ठ
३. मा० श्री अनिता देवी
४. मा० श्री अनिशा नेपाली
५. मा० श्री अम्मर बहादुर रायमाझी
६. मा० श्री अमृत लाल राजवंशी
७. मा० श्री अर्जुन नरसिंह के.सी.
८. मा० श्री अशोक कुमार चौधरी
९. मा० श्री अस्मा कुमारी चौधरी
१०. मा० श्री असिम शाह
११. मा० श्री ईश्वरी घर्ती
१२. मा० श्री ईश्वरी देवी न्यौपाने
१३. मा० श्री उर्मिला थेबे
१४. मा० श्री ऐन बहादुर शाही ठकुरी
१५. मा० श्री ऋषिकेश पोखरेल
१६. मा० श्री किरण कुमार साह
१७. मा० श्री गणेश पराजुली
१८. मा० श्री गंगा कार्की
१९. मा० श्री चन्दा कार्की (भण्डारी)
२०. मा० श्री चित्र बहादुर के.सी.
२१. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
२२. मा० श्री ज्वाला कुमारी साह

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त देहाय बमोजिमको पत्र पढेर सुनाउनु भयो ।

> सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल “प्रचण्ड”ज्यूको नेतृत्वमा मिति २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको मिति २०८०/०१/२३ को सिफारिसमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यभार सम्हाल्दै आउनु भएका माननीय मन्त्री श्री महिन्द्र राय यादवलाई प्रधानमन्त्रीज्यूले सम्हाल्दै आउनु भएको खानेपानी मन्त्रालयको कार्यभार सम्हाल्ने गरी हेरफेर गर्नु भएको र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मन्त्री पदमा माननीय श्री सुरेन्द्र राज आचार्यलाई नियुक्त गरी कार्यविभाजन गर्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

(यादवप्रसाद कोइराला)
सचिव

मिति : २०८०/०१/२४

तदुपरान्त प्रारम्भ भएको आ.व. २०८०/०८१ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा देहाय बमोजिमका माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
२. मा० श्री विष्णु प्रसाद पौडेल
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री रवि लामिछाने
५. मा० श्री धवल शम्मशेर जवरा
६. मा० श्री प्रदिप यादव
७. मा० श्री मेटमणि चौधरी
८. मा० श्री अब्दुल खाँन
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री बद्रीप्रसाद पाण्डे

यसैक्रममा माननीय श्री बद्रीप्रसाद पाण्डेले बोलि सक्नु भएपछि माननीय श्री सुमना श्रेष्ठ, माननीय श्री सूर्य बहादुर थापा क्षेत्री र मााननीय श्री रघुजी पन्त आ-आफ्नो आशन अगाडी उभिएर नियमापत्ति गर्न समय माग गर्नु भएपछि सम्माननीय सभामुखले माननीय श्री रघुजी पन्तलाई समय दिनुहुँदा उहाँले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ६ को उपनियम (५) को व्यवस्था बमोजिम माननीय अर्थमन्त्री अनिवार्य उपस्थित हुनु पर्ने भन्नु भएपछि सम्माननीय सभामुखले बैठक १५ मिनेटपछि बस्ने गरी स्थगित गर्नुभयो ।

तदनन्तर बैठक १५ मिनेटपछि बस्ने गरी दिनको २:०० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको १५ मिनेटपछि बस्ने गरी निर्धारण भएको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको २:२० बजे प्रारम्भ भयो ।

त्यसपछि जारी रहेको आ.व. २०८०/०८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा देहाय बमोजिमका माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयो ।

१२. मा० श्री रघुजी पन्त
१३. मा० श्री लेखनाथ दाहाल
१४. मा० श्री स्वर्णिम वाग्ले
१५. मा० श्री ध्रुव बहादुर प्रधान
१६. मा० श्री विरेन्द्र प्रसाद महतो
१७. मा० श्री शेर बहादुर कुँवर
१८. मा० श्री उदय शम्शेर ज.ब.रा.
१९. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
२०. मा० श्री रणेन्द्र बराली
२१. मा० श्री शिशिर खनाल
२२. मा० श्री रोसन कार्की
२३. मा० श्री राजेन्द्र कुमार के.सी.
२४. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२५. मा० श्री उर्मिला माझी
२६. मा० श्री सुमना श्रेष्ठ
२७. मा० श्री प्रदिप पौडेल
२८. मा० श्री भगवती चौधरी
२९. मा० श्री हित बहादुर तामाङ्ग
३०. मा० डा० आरजु राणा
३१. मा० श्री सुनीता बराल
३२. मा० श्री संजय कुमार गौतम
३३. मा० श्री विजुला रायमाझी
३४. मा० श्री रामकृष्ण यादव
३५. मा० श्री ऋषिकेश पोखरेल
३६. मा० श्री राजु थापा
३७. मा० श्री महेश बस्नेत

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु हुँदै आजको छलफलको लागि प्राप्त वक्ता माननीय सदस्यहरुको बाँकी नाम भोलीको बैठकको प्रारम्भमै रहने गरी मिलाईएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल वैशाख २६ गते बिहान ११:०० बजे बस्नेगरी बैठक साँझ ५:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव